

# खैरो बकुल्ला




प्रमोद प्रधान

# खैरो बकुल्ला



प्रमोद प्रधान



## प्रमोद प्रधान

प्रमोद प्रधान (जन्म इ.सं. १९५८) ले ३५ भन्दा धेरै नेपाली साहित्यका विभिन्न विधा, बालसाहित्य तथा पत्रकारिताका अनुसन्धानमूलक पुस्तकहरू, बालसाहित्यका कविता तथा अन्य विधाका पुस्तकहरू तथा साहित्यिक पुस्तकहरू लेख्नु भएको छ । उहाँ साहित्यका अनुसन्धाताका साथै कवि तथा सम्पादक पनि हुनुहुन्छ । नेपाली साहित्य तथा बालसाहित्यका उहाँका अनुसन्धानात्मक पुस्तकहरू विद्यार्थी तथा खोजकर्ताहरूका लागि कोशेढुङ्गाका रूपमा रहेका छन् । उहाँले राष्ट्रिय समाचार समितिमा सञ्चालक समितिको सदस्यलगायत विभिन्न पदमा रहेर धेरै वर्ष सेवा गर्नुभएको छ । उहाँ वाणी प्रकाशनका संस्थापक एवम् सञ्चालक सदस्य तथा विभिन्न सामाजिक तथा साहित्यिक संस्थाहरूमा विभिन्न पदमा कार्यरत हुनुहुन्छ । उहाँले प्रबल गोरखा दक्षिण बाहु पदक, युवा वर्ष मोती पुरस्कार, प्रतिभा पुरस्कार, व्यथित काव्य पुरस्कार, सर्वोत्कृष्ट युवासाहित्य पुरस्कार, नेपाल बालसाहित्य समाजको उत्कृष्ट बालपुस्तक पुरस्कार, साझा बालसाहित्य पुरस्कारलगायत दुई दर्जनभन्दा धेरै पुरस्कार पाउनु भएको छ ।


**खैरो बकुल्ला**

वातावरणीय बालकथा सङ्ग्रह

कथाकार : प्रमोद प्रधान

चित्रकार : रवीन्द्र मानन्धर

सम्पादन : विनय कुमार कसजू

भाषा सम्पादन : प्रमोद प्रधान

कला संयोजक : एकाराम सिंह

प्रकाशक : बालवाङ्मय तथा अनुसन्धान केन्द्र, काठमाडौँ

सहयोगी निकाय : जल तथा मौसम विज्ञान विभाग/नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) तथा विश्वव्यापी वातावरणीय सहुलियत

प्रकाशन मिति : २०७५ (सन् २०१८)

डिजाइन : वर्ल्डवाइड प्रिन्ट् सोलुसन, ०१-५५५०२८९, wpsnepal@gmail.com

मुद्रण : स्पर्श प्रिन्टर्स, ललितपुर, ०१-५१५१६४४

# भूमिका

वातावरण विनाशले पृथ्वी र यहाँ बस्ने जीवजन्तुलाई धेरै प्रकारले प्रभाव पार्दै छ । विभिन्न ठाउँको जलवायुमा परिवर्तन आएको छ । जाडो ठाउँमा गर्मी बढेको छ । पानी नपर्ने ठाउँमा पानी पर्न थालेको छ । हिमालमा हिउँ र हिमनदी पग्लेर एकातिर बाढी आउने र अर्कोतिर नदीनाला सुक्ने खतरा बढेको छ । जीवजन्तु र बनस्पतिको सन्तुलन बिग्रँदै छ । वन्य पशुपंछीको वासस्थान उजाडिँदै छ । जीव जनावर मानव तथा बोट बिरुवामा विभिन्न प्रकारका रोगका कीटाणुको संक्रमण बढ्दो छ । मानव जातिको अस्तित्वमाथि नै खतरा आउने सम्भावना बढ्दै छ । यसैले वातावरणमा जलवायु पवितृनको असर विश्वकै चासोको विषय बनेको छ ।

वातावरण संरक्षणको महत्व नबुझ्नाले वा यसबारे हेलचेक्र्याइँ गर्नाले मानिसले वातावरण बिग्रने, बिगार्ने काम आफै गर्दै छ । बन जङ्गल विनाश हुँदै छ । बाढी, पहिरो, भूक्षय र मरुभूमीकरण तीव्र रूपमा भइरहेको छ । धुलो, धुवाँ र विभिन्न प्रकारका ग्यासबाट वायुमण्डल दूषित हुँदै छ । प्लास्टिक तथा विभिन्न प्रकारका विषाक्त पदार्थले खोलानाला र जमिनभित्रको पानी समेत प्रदूषित हुँदै छ । चाँडै पैसा कमाउन लोभमा फसेर कृषि उत्पादन र औद्योगिक उत्पादनमा रासायनिक तथा विषालु पदार्थको मिसावट बढिरहेको छ । वातावरण कसरी जोगाउने भन्ने बेलामै बुझेनौँ र यसको लागि प्रयास थालेनौँ भने मानिसले पछुताउनु पर्ने छ । यसैले वातावरण शिक्षा सबैका लागि महत्वपूर्ण भएको छ ।

वातावरण शिक्षाले हामीलाई हाम्रो वरिपरिको संसारसँग जोड्छ र हामीलाई प्राकृतिक तथा मानिसले बनाएको वातावरणका बारेमा सिकाउँछ । यसले हामीसँग सरोकार राख्ने, हामी निर्भर रहेको तथा हामीलाई धेरै प्रभाव पार्ने वातावरणीय विषयका बारेमा हामीलाई सचेत बनाउँछ । अनि वातावरण जोगाउने र सपार्ने उपायहरूका बारेमा सिकाउँछ ।

वातावरण शिक्षाको व्यक्तिगत फाइदा पनि छ । यसले विद्यार्थीहरूलाई आलोचनात्मक तथा विश्लेषणात्मक दृष्टिले सोच्न र कुनै काम वा कुरा किन हुन्छ भन्ने खोज, अनुसन्धान गर्न प्रेरित गर्छ र वातावरणका अप्ठ्यारा समस्याहरूमा पनि आफै निर्णय गर्न सघाउँछ । उनीहरूलाई सिर्जनशील बनाउँछ । वातावरण शिक्षाले बालबालिकालाई प्रकृतिको नजिकै लैजान्छ र प्रकृतिलाई बुझ्न र प्रकृतिसँग मिलेर काम गर्न प्रेरित गर्छ । वातावरण शिक्षाले बालबालिकालाई स्वस्थकर जीवनशैली अपनाउन सघाउँछ । खाने बानीमा सुधार गर्न, सन्तुलित आहारप्रति सचेत हुन र जीवन बाँच्ने स्वस्थ तरिका सिकाउँछ ।

वातावरण शिक्षा हामीले कक्षा कोठाभित्र, पुस्तक पत्रिकामा वा प्रकृतिको खुला किताबबाट पनि पाउन सक्छौँ । यसबाट विद्यार्थी, समाज, देश र विश्वलाई नै फाइदा हुन सक्छ । वातावरण संरक्षणको सक्रिय कार्यकर्ता वा अगुवा (हिरो) हुनु भनेको यो विश्वको लागि कति ठूलो योगदान हो भन्ने कुरा बालबालिकाले सानैदेखि बुझे भने वातावरण संरक्षणका क्षेत्रमा देश र समाजका लागि मात्रै हैन विश्वकै लागि ठूलो योगदान हुने छ । यसैले बालबालिकालाई वातावरण शिक्षाको विशेष महत्व छ ।

वातावरण शिक्षाका लागि ज्ञान विज्ञानका पुस्तकका तुलनामा कथाका माध्यम बढी प्रभावकारी हुन्छ । नेपालमा बालबालिकालाई वातावरण शिक्षा दिने पुस्तकहरू ज्ञान विज्ञान वा जानकारी मूलक पुस्तकका रूपमा पाइन्छन्, तर कथा वा आख्यानको माध्यमबाट वातावरण शिक्षा दिने पुस्तकहरू साह्रै थोरै छन् । वातावरणीय बालकथाको अभाव पूरा गर्दै कथाको माध्यमबाट रमाइलो तरिकाले वातावरण तथा जलवायु परिवर्तनका विभिन्न समस्या, असर र समाधानका उपायका बारेमा पुस्तक तयार पार्ने प्रयासको फलस्वरूप यो पुस्तक तयार पारिएको हो ।

यसमा अनन्त वाग्लेको 'लिटिल डायनो', गङ्गादेवी कसजूको 'नागदहका माछा', प्रमोद प्रधानको 'खैरो बकुल्ला', मन्जु ज्ञवालीको 'इम्जाको झस्को' र विजयराज आचार्यको 'रङ्गीन विष' शीर्षक पाँच पुस्तक तयार पारिएका छन् । प्रत्येक पुस्तकमा पाँचपाँच वटा कथा छन् । सबै कथाहरू मुख्य रूपमा माध्यिमक तहका विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको छ ।

यी पुस्तक नेपाल सरकार, संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी), अतिकम विकसित राष्ट्रहरूको लागि कोष/विश्वव्यापी वातावरणीय सहुलियत (जिईएफ) – समुदायमा आधारित बाढी तथा हिमताल विस्फोटन जोखिम न्यूनीकरण आयोजनाको संयुक्त प्रयासमा तयार पारिएको हो । वातावरणीय विषयमा कथा लेखन कार्यशाला संचालनदेखि पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनको जिम्मा दिएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र सबै सम्बन्धित निकायहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छ । साथै प्रशिक्षक तथा सम्पादक विनयकुमार कसजू, भाषा सम्पादक प्रमोद प्रधान, चित्र संयोजक कलाकार एकाराम सिंह, चित्रकारहरू युवक श्रेष्ठ, रवीन्द्र मानन्धर, पल्पसा मान्धर र अर्पिता शाक्य तथा पाँचै जना लेखकहरूलाई धेरै धन्यवाद ।

**बालवाङ्मय तथा अनुसन्धान केन्द्र**

# प्राक्कथन

समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण आयोजना नेपाल सरकारको उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तरगतको जल तथा मौसम विज्ञान विभाग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) तथा अतिकम विकसित राष्ट्रहरूको लागि कोष (एलडीसीएफ)/विश्व वातावरणीय सहुलियत (जीईएफ) को संयुक्त तत्वावधानमा सञ्चालित आयोजना हो । यस आयोजनाले नेपालको सबैभन्दा नाजुक अवस्थामा रहेको खम्बु क्षेत्रको इम्जा हिमताल विस्फोटनको आसन्न त्रासलाई न्यूनीकरण गर्न महत्तवपूर्ण योगदान पुऱ्याएको छ । साथै यसले नेपालको तराईका सबैभन्दा अतिसंवेदनशील चार जिल्लाहरूमा बारम्बार आइरहने बाढीको खतरा सामना गर्न समुदायको क्षमता अभिवृद्धि काममा सहयोग गरेको छ ।

कार्यान्वयनको समयमा आयोजनाले समुदायसँग मिलेर प्रकोपजन्य जोखिमका प्रभावहरू, जोखिमबाट बच्न गरिने पूर्व तयारी तथा जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि गर्ने जस्ता विषयमा व्यापक अनुभव र ज्ञान संगालेको छ । आयोजनाले यस्ता केही मुख्य सिकाइहरूको राम्ररी अभिलेखन गरी सरोकारवालाहरूलाई त्यसको बारेमा सुसूचित गरेको छ ।

यसै सन्दर्भमा जलवायु परिवर्तन तथा वातावरणको हाम्रो जीवनमा पर्ने प्रभाव तथा त्यसलाई न्यूनीकरण गर्ने उपायहरूका बारेमा माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई बुझाउन सघाउने केही शैक्षिक सामग्री तयार पार्ने लक्ष्य रहेको थियो ।

तदनुरूप आयोजनाले हाल माध्यमिक तहका विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूका लागि सरल रूपमा वातावरणका विविध पक्ष र जलवायु परिवर्तनका असरहरूका बारेमा शिक्षित गर्ने उद्देश्यले विभिन्न पाँच भागमा कथाहरूको संग्रह प्रकाशित गरेको छ ।

यी कथाहरूले बालबालिकाहरूलाई जीव, जलवायु र वातावरणको अन्तर सम्बन्धको बारेमा सोच्न प्रोत्साहित गर्ने छ र भविष्यको लागि वातावरण जोगाउन प्रेरणा दिने छ भन्ने हाम्रो विश्वास छ ।

यी कथाहरू तयार पार्न तथा पुस्तकहरू छाप्न र वितरण गर्न अथक सहयोग पुऱ्याएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र (सीएलआरसी) लाई हामी सहृदय धन्यवाद दिन्छौँ ।

डा. ऋषिराम शर्मा
महानिर्देशक
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

विजय प्रसाद सिंह
सहायक राष्ट्रिय निर्देशक
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
(यु.एन.डी.पी.), नेपाल

# विषय सूची


खैरो बकुल्ला १

नयाँ गाउँ ७

बिरामी माटो १२


पानीको जोहो १७

बाढीको त्रास २१

परिशिष्ट

१. पृथ्वीका संसाधन र तिनको संरक्षण २६

२. पारिभाषिक शब्दावली २९



# खैरो बकुल्ला

रश्मि स्कुलबाट घर फर्कंदै थिइन् । उनले परैबाट आफ्नो घरको छानाको एक छेउदेखि अर्को छेउसम्म चराहरू लस्करै बसेको देखिन् । झट्ट हेर्दा ती चराहरू बकुल्लाजस्ता देखिन्थे । तिनीहरूको घाँटी र खुट्टा बकुल्लाका जस्तै लामा लामा थिए । तर तिनको रङ सेतो बकुल्लाको जस्तो सेतो थिएन । तिनीहरूको पूरै जिउ खरानी रङको थियो ।

घरको नजिकै पुगेपछि रश्मिले मोबाइल फोनबाट ती चराहरूको फोटो खिचिन् । घरभित्र पस्ने बित्तिकै उनले आमालाई भनिन्, “आमा, हेर्नुस् त, हाम्रो छानामा कति धेरै चरा बसेको ! के चरा हो त्यो ?”

“भोक लाग्यो होला । पहिले खाजा खाऊ अनि हेर्न जाउँला,” भन्दै आमाले रश्मिलाई खाजा दिइन् ।

रश्मिले जिद्दी गरेपछि आमा बाहिर गइन् र छानामा बसेका चराहरूलाई हेरेर फर्किन् । उनले भनिन्, "हेर्दा त बकुल्लाजस्तो छ तर रङ फुस्रो खरानीजस्तो छ । बकुल्लाजस्तै अर्कै चरा हो कि !"

"त्यसो भए हरि सरसँग सोध्छु," रश्मिले भनिन् ।

भोलिपल्ट स्कुलमा रश्मिले हरि सरलाई घरको छानामा बसेका चराहरूको फोटो देखाउँदै सोधिन्, "यो कुन चरा हो सर ? हिजो हाम्रो घरको छानाभरि बसेको थियो ।"

फोटो हेरेर हरि सरले हाँस्दै भन्नुभयो, "दिनदिनै देख्ने बकुल्ला चरालाई पनि कसरी नचिनेको ?"

"बकुल्ला पनि खैरो हुन्छ त सर ?"

"हुनु नपर्ने हो । वास्तवमा यिनीहरू सेतै छन् । बाग्मतीको पानीमा नुहाएर उनीहरू मैलो देखिएका हुन् ।"

हरि सरको कुरा सुनेर कक्षाका अरू विद्यार्थी पनि चराको फोटो हेर्न उत्सुक भए । रश्मिले साथीहरूलाई आफ्नो घरको छानामाथि लस्करै बसेका खैरो बकुल्लाको फोटो देखाइन् ।

हरि सरले भन्नुभयो, "रश्मिले राम्रो विषय ल्याइन् । काठमाडौँको वातावरण र बाग्मतीको पानी कति धेरै प्रदूषित भएको रहेछ भन्ने कुरा यो बकुल्लाले देखाएको छ । अब सेतो बकुल्ला किन र कसरी खैरो भयो भन्ने कुरा तिमीहरूले पत्ता लगाउनु पर्छ ।"

हरि सर कक्षा आठमा वातावरण विषय पढाउनु हुन्थ्यो । पढाउँदा उहाँले रमाइला उदाहरण दिनु हुन्थ्यो । विद्यार्थीहरूलाई प्रयोग र अनुसन्धान गर्न लगाउनु हुन्थ्यो ।



"बकुल्लाको माध्यमबाट काठमाडौँ उपत्यकाको प्रदूषणबारे अध्ययन गर्नु बेस होला । भोलि शनिबार छुट्टी छ । तिमीहरूले यहाँको वातावरण प्रदूषणबारे छोटो रिपोर्ट तयार गरेर ल्याउन सक्छौ ?" हरि सरले सोध्नुभयो ।

विद्यार्थीहरू तुरुन्तै सहमत भए । हरि सरले विद्यार्थीहरूलाई चार समूहमा बाँड्नु भयो । एउटा टोलीको नेता रश्मि भइन् । बाँकी तीन टोलीको नेतामा जीवन, सुष्मिता र दिवस छानिए । हरेक टोलीमा नेतासहित पाँचपाँच जना विद्यार्थी भए ।

त्यसपछि सरले भन्नुभयो, "दुइटा टोली बाग्मती र विष्णुमती नदीको प्रदूषणको अध्ययन गर । एउटा टोलीले रिङ रोड वरिपरिको अध्ययन गर । अनि एउटा टोलीले उपत्यकाको फोहोरको व्यवस्थापन कसरी गरिन्छ भन्ने अध्ययन गर । सम्भव भए डम्पिङ साइटमा पुग ।"



उनीहरूले कुन टोली कहाँ जाने र के के गर्ने भन्ने कार्यसूची बनाए । काम सकेपछि टोलीका नेताहरू चार बजे रश्मिको घरमा भेट्ने निधो गरे ।

शनिबारको दिन बिहानै चार वटै टोली आआफ्नो कार्यक्षेत्रमा गए । उनीहरूले सडक सफा गर्ने कुचीकारदेखि फोहोर उधिनेर प्लास्टिक र अन्य सामान जम्मा गर्ने मानिसहरूलाई भेटे । उद्योगको फोहोर र ढलनाल पानीमा मिसिएको फोटो खिचे । उनीहरूले त्यहाँ वातावरण प्रदूषण गर्ने कुराहरू जति देखे ती सबै कागतमा टिपे । धेरै कुराहरू उनीहरूले दिनदिनै देखिरहेका थिए, तर ती वस्तुले वातावरण कसरी प्रदूषित गरिरहेका छन् भन्ने उनीहरूले विचार गरेका थिएनन् । यो अध्ययनबाट उनीहरूलाई धेरै कुरा छर्लंग भयो ।

चार बजे सबै टोलीका नेताहरू रश्मि, जीवन, सुष्मिता र दिवस रश्मिको घरमा भेला भए । रश्मिकी आमाले सबैका लागि मिठो खाजा बनाएकी थिइन् ।

खाजा खाइसकेपछि उनीहरूले टिपेको कागत निकाले र प्रदूषण गर्ने कारक तत्वहरू के के हुन् भनेर सूची बनाउन थाले । बीचबीचमा उनीहरूले आफूले देखेका रोचक र अनौठा कुराका बारेमा पनि एक अर्कालाई सुनाउँदै गए ।

रश्मिले भनिन्, "हामी बाग्मतीको तीरैतीर गएको कस्तो फोहोर रहेछ । कतै ढल मिसाएको छ । कतै कारखानाको फोहोर मिसाएको छ । मरेका कुखुरा, कुकुर त्यत्तिकै फालेको छ । त्यसैले त बाग्मतीको पानी त्यस्तो विधि गन्हाउने रहेछ ।"

"त्यस्तो फोहोर पानीमा माछा, भ्यागुता र जलचर कसरी बाँच्छ होला । माछा समात्न त्यस्तो पानीभित्र पसेपछि बिचरा बकुल्लाको जिउको रङ किन खैरो नहोस् । धन्य बाँचेको छ !" सुष्मिताले निराश हुँदै भनिन् ।

"मलाई त यहाँको सबैभन्दा ठूलो समस्या धूलो र धुवाँ नै हो जस्तो लाग्यो," दिवसले भने । "रिङरोडमा धूलो उडेर बाटो राम्ररी देखिन्न । इँटाभट्टा र कारखानाको धुवाँले आकाश कालो देखिन्छ । मलाई त सास फेर्न पनि गाह्रो भयो । यसले हाम्रो स्वास्थ्यमा नराम्रो असर पार्ने निश्चित छ ।"

"हामीले प्लास्टिकको झोला गाईले खाएको देख्यौँ । खानेकुरा राखेर फालेको रहेछ । गाईले झोलासमेत निल्यो । अब त्यो गाई मर्छ होला !" दिवसले भन्यो ।

यस्तै कुराकानी गर्दै उनीहरूले आफूले लेखेका प्रदूषणका कारणहरूको लामो सूची बनाए । अनि भोलि कक्षामा सरलाई सुनाउने भनेर उनीहरू बिदा भए ।

अघिल्लो दिनको अध्ययनबारे छलफल गर्न विद्यार्थीहरू निक्कै उत्साहित थिए । हरि सर कक्षामा प्रवेश गर्ने बित्तिकै सोध्नुभयो, "हिजोको घुमाइ रमाइलो भयो होला हैन ?"

"रमाइलो त भयो, तर समस्याहरू देखेर दुःख पनि लाग्यो सर !" रश्मिले सबैको तर्फबाट भनिन् ।

"समस्या देखेर दुःखी हुनु स्वाभाविक हो, तर समाधान पनि छ भनेर अघि बढ्नुपर्छ," सरले सबैलाई आश्वस्त पार्नुभयो । "हिजोको रिपोर्ट तयार पारेका छौ ?"

"तयार छ सर । हिजो हामीले अनुभव गरेका कुरा सबै लेखेका छौँ," सुष्मिताले भनिन् ।

"काठमाडौँ त धेरै प्रदूषित रहेछ सर । हामीले बाहिरबाट देखेकोभन्दा धेरै फोहोर !" जीवनले उत्साहित हुँदै भने ।

"रिपोर्ट सुनाउँ सर ?" रश्मिले भनिन् ।

"पूरै रिपोर्ट म पढुँला । अहिले काठमाडौं के के कारणले प्रदूषित भएको रहेछ, त्यो सुनौं न," हरि सरले भन्नुभयो ।

विद्यार्थीहरूले एकैचोटि भन्न थाले, "धूलो, धुवाँ, ढल, प्लास्टिकको झोला, बोतल, सिसी, ....."

"त्यसरी हैन । पहिले म कुन कुराको प्रदूषण भएको छ त्यो भन्छु अनि तिमीहरूले कसरी प्रदूषण भएको हो त्यो भन्नु अनि कुरा स्पष्ट हुन्छ," सरले उनीहरूलाई रोक्दै भन्नुभयो । "जीवजन्तु र मानिसलाई नभई नहुने हावा, पानी, माटो, भोजन आदिमा फोहोर कुरा मिसिनु प्रदूषण हो । प्रदूषण धेरै प्रकारका हुन्छन् । वायु प्रदूषण, जल प्रदूषण, ध्वनि प्रदूषण र भूमि प्रदूषण मुख्य प्रदूषण हुन् । सबैभन्दा पहिले वायु प्रदूषण अर्थात् हावा कसरी प्रदूषित हुन्छ । यसबारे कुरा गरौं । वायु प्रदूषण कसरी भइरहेको छ लौ भन त ।"

"सर, अहिलेको सबैभन्दा ठूलो समस्या धूलो र धुवाँ नै रहेछ । हामी अस्पताल पनि गयौं । अहिले धूलो र धुवाँका कारण बिरामी हुनेहरूको सङ्ख्या बढेको छ भनेर जानकारी पायौं । यसको मुख्य कारण गाडी र कलकारखानाको धुवाँ र बाटोमा उड्ने धूलो रहेछ सर," दिवसले भने ।

"इँटाभट्टा र कलकारखानाबाट निस्कने धुवाँले पनि वातावरण निक्कै प्रदूषित गर्ने रहेछ सर," सुष्मिताले भनिन् ।

"ठिक भन्यौ धूलो र धुवाँले वातावरण प्रदूषित गर्छ । धुवाँमा अनेक प्रकारका हानिकारक ग्यास हुन्छ । यस्तो हावामा सास फेर्दा मानिस बिरामी हुन्छन्," सरले भन्नुभयो । "अब पानी कसरी प्रदूषित हुन्छ भन त ।"

"यसको मुख्य कारण त नदीमा ढल मिसाउनाले हो जस्तो लाग्यो सर । कलकारखानाबाट फालिने अनावश्यक वस्तुले पनि पानी प्रदूषित भइरहेको छ," रश्मिले भनिन् ।

"पानीमा ढल र फोहोर मिसाएर मात्रै जल प्रदूषण हुने होइन । अरू पनि धेरै तरिकाले जल प्रदूषण हुन्छ," सरले भन्नुभयो । "सोझै पानीमा नमिसाए पनि खेतबारीमा राखिने रासायनिक मल र कीरा मार्ने विष छर्दा माटोबाट जमिनमुनिको पानीको स्रोतमा पुग्छ । अनि पोखरी, खोला र जमिनमुनिको पानी प्रदूषित हुन्छ । प्रदूषित पानी खाँदा वा शरीरभित्र पस्दा अनेक प्रकारका रोग लाग्न सक्छ ।"

त्यसपछि हरि सरले माटो कसरी प्रदूषित भइरहेछ भनी सोध्नुभयो ।

रश्मिले भनिन्, "खेतबारीमा रासायनिक मल र कीरा मार्ने विष धेरै प्रयोग हुने रहेछ । त्यसले खेतबारीको माटो बिगारिरहेछ । उद्योगधन्दाबाट फ्याँकिने रासायनिक पदार्थहरूले

पनि माटोलाई प्रदूषित गरिरहेको छ । साथै प्लास्टिक, सिसा र अल्मुनियमका भाँडाकुँडा जथाभावी फाल्दा पनि माटो प्रदूषित हुन्छ ।"

"तिमीले ठिक भन्यौ । अन्न, फलफूल र तरकारीमा प्रयोग गरेको रासायनिक तथा विषालु पदार्थ खानेकुराको माध्यमबाट मानिसको शरीरमा पस्छ र मानिसलाई घातक रोग लाग्न सक्छ," सरले भन्नुभयो । "यसका साथै चर्को आवाजले पनि प्रदूषण गर्छ तिमीहरूलाई थाहा छ कि छैन ? कलकारखाना र गाडीको इन्जिनको आवाज, हर्न, लाउडस्पिकरको चर्को स्वर, बाटो र घर बनाउँदा यन्त्र उपकरणबाट निस्कने ठूलो आवाजले ध्वनि प्रदूषण हुन्छ । ध्वनि प्रदूषणले मानिसको सुन्ने क्षमता घट्ने, टाउको दुख्ने तथा अरू रोगहरू लाग्न सक्छ ।"

"हो सर, हामी चढेको बसमा यति चर्को स्वरले गीत बजाएको थियो कि हामीलाई आपसमा कुरा गर्न पनि गाह्रो भयो," दिवसले भन्यो । "हाम्रो टोलमा बिहे तथा धार्मिक कार्यक्रममा पनि त्यत्तिकै चर्को स्वरले लाउडस्पिकर बजाउँछन् । मलाई त पढ्नै गाह्रो हुन्छ । टाउको दुख्छ ।"

विद्यार्थीहरूको कुरा सुनेर हरि सर खुसी हुनुभयो । उहाँले भन्नुभयो, "तिमीहरूले राम्ररी अध्ययन गरेछौ । मलाई खुसी लाग्यो । तर यति गरेर मात्र हुँदैन । सेतो बकुल्लालाई खैरो हुन नदिन धेरै काम गर्नुपर्छ ।"

सुष्मिताले भनिन्, "सर हामीले वातावरण क्लब गठन गर्ने निधो गरेका छौँ । क्लबमार्फत हामीले वातावरण सफा राख्ने चेतना फैलाउने र गर्नसक्ने काम गर्ने अठोट पनि गरेका छौँ ।"

"धेरै ठूलो काम गर्न नसके पनि सरसफाइ, प्लाष्टिक प्रयोगमा रोक, वृक्षरोपणजस्ता काममा जनचेतना जगाउने काम त गर्न सक्छौँ नि हामी," जीवनले भने ।

हरि सरले भावुक भएर भन्नुभयो, "काम ठूलो सानो हुँदैन । समाज र देशको भविष्य तिमीहरूकै काँधमा छ । अहिलेदेखि जिम्मेवार भएर काम गरे देश, समाज र आफ्नै भविष्य राम्रो हुन्छ ।"

# नयाँ गाउँ

"आमा, कस्तो पिरो धुवाँ आएको ! आँखा पोल्यो । आँसु आएर पढ्न गाह्रो भयो । जाँच आउन लाग्यो कसरी पढ्ने ?" रामकलीले आँसु पुछ्दै भनिन् ।

"दाउरा काँचो रहेछ छोरी । वनमा दाउरा पाइन छाड्यो । खानेकुरा पकाउनै पऱ्यो । के गर्ने !" आमा रामदेवीले चुल्होको आगोको दाउरा ठोस्दै भनिन् ।

रामकली भान्छामै बसेर टुकीको उज्यालोमा पढ्दै थिइन् । उनका भाइ बुधन बत्तीको नजिकै बसेर होमवर्क गर्दै थिए । अँध्यारो भएकोले बाहिर गएर पढ्न पनि मिलेन ।

आगो बल्नुको सट्टा निभ्यो र धुवाँ झन् धेरै पुत्तायो । रामकली र बुधन दुवै जना आँखा छोपेर घोप्टो परे ।

"होमवर्क गरेन भने सरले गाली गर्नुहुन्छ । क्लासबाट बाहिर निकाल्नु हुन्छ," बुधनले रुन्चे स्वरमा भने ।



पृथ्वीपुर गाउँमा पच्चिस घर छन् । सबैको घरमा दाउराको चुल्हो छ । बिजुली छैन । केटाकेटीहरू टुकीको उज्यालोमा पढ्छन् । दाउरा लिन दुई किलोमिटर परको वनमा जानुपर्छ । वनपालेले देख्यो भने दाउरा खोसेर लिन्छ । पिट्न पनि बेर लाउन्न । कहिले पैसा लिएर छाड्छ ।

भोलिपल्ट रामकली र बुधन दुवै जना स्कुल गएनन् । आँगनको उज्यालोमा बसेर पढ्न पनि सकेनन् । आँखा र टाउको दुख्यो भनेर सुते ।

अर्को दिन रामदेवीले छोराछोरीलाई फकाएर स्कुल पठाइन् । कक्षामा रामकलीलाई किताबका अक्षर पढ्न पनि गाह्रो भयो । उनले सँगै बसेकी साथीलाई भनिन्, “कस्तो आँखा घोचिरहेछ, हेरिदे त रबिना !”

रबिनाले उनका आँखा हेर्दै भनिन्, “हैन, के भएको ? तेरो आँखा त रातोरातो छ नि । के भयो ?”

“हिजो आँखा पोलेर टाउको दुखेर कत्ति पनि पढ्न लेख्न सकिन । दिनभरि सुतिरहेँ । जाँच नजिकै आइसक्यो के गर्ने होला ?” रामकलीले भनिन् ।

“के भएर यस्तो भयो ?”

“खै धुवाँले हो कि ? राति भान्छामा बसेर पढ्छु । चुल्होमा धुवाँ पुत्ताएर आँखा खोल्नै मुस्किल हुन्छ । आमाले दाउरा काँचो भएकोले धुवाँ आएको भन्नुहुन्छ । म त हैरान भइसकेँ,” रामकलीले भनिन् ।

“हाम्रो घरमा पनि यस्तै छ । खाना पकाएको बेला त बसिनसक्नु हुन्छ । म त उज्यालो छँदै घरको पेटीमा बसेर होमवर्क सिध्याउँछु,” रबिनाले भनिन् । “एक त दाउरा लिन त्यत्ति टाढा जानुपर्छ । वनपालेले भेट्टायो भने मार्छ । फेरि खाना पकाउँदा आउने धुवाँले आँखा पिरो हुन्छ । पढ्न पाइन्न ।”

“यो दुःख हाम्रो गाउँको लागि मात्रै होला कि अरू गाउँलाई पनि होला ? उनीहरूले कसरी खाना पकाउँछन् होला !” रामकलीले भनिन् ।

कुरा गर्दागर्दै उनीहरूले नजिकको गाउँ हरिहरपुरबाट पढ्न आउने साथी मङ्गललाई सम्झे । उनीहरूले मङ्गलसँग भेटे ।

“मङ्गल, तिम्रो घरमा दाउरा बालेर खाना पकाउँछ कि के बालेर पकाउँछ ?” रामकलीले सोधिन् ।

"पहिले पहिले हामी दाउरा बालेर खाना पकाउँथ्यौँ । दाउरा बाल्न छाडेको केही महिना भयो," मङ्गलले भन्यो । "हाम्रो घरमा गोबरग्यास बनाउने मेसिन राखेको छ । त्यसबाट निस्केको ग्यासले खाना पकाउँछौँ । हाम्रो घरमा बत्ती पनि त्यसैबाट बल्छ । हाम्रो घरमा मात्रै हैन हाम्रो गाउँका सबै घरमा गोबरग्यास छ ।"

मङ्गलको कुरा सुनेर रामकली र रबिना छक्क परे, र सोधे, "गोबरग्यासमा खाना पकाउँदा गन्हाउँदैन ?"

"कत्ति पनि गन्हाउँदैन । बरु छिटो खाना पाक्छ । पहिले दाउरामा पकाउँदा खाना ढिलो पाक्थ्यो र समय खेर जान्थ्यो । ग्यासमा खाना पकाउँदा भाँडा पनि कालो हुँदैन । अनि माझ्न पनि सजिलो हुन्छ । अर्को कुरा दाउरा लिन टाढा जानुपर्ने हुँदा त्यो समय पनि खेर जान्थ्यो," मङ्गलले भन्दै गए । "ग्यासमा खाना पकाउँदा धुवाँ नआउने भएपछि आमाको आँखाको रोग पनि निको भएको छ ।"

"हाम्रो घरमा पनि गोबरग्यास राख्न पाए त कति बेस हुन्थ्यो हगि रबिना ?" रामकलीले छक्क पर्दै भनिन् ।

"गोबरग्यास राख्न के के गर्नुपर्ने रहेछ ? कस्तो ठाउँ चाहिन्छ ? कति पैसा लाग्छ होला ?" रबिनाले मनमा उकुसमुकुस भएको कुरा सोधिन् ।

"गोबरग्यास राख्न धेरै पैसा लाग्दैन सरकारले पनि सहयोग गर्छ । तिमीहरूलाई यसबारे जान्ने मन छ भने शनिबार हाम्रो घरमा आऊ । आफैले हेर । आमालाई सबै कुरा थाहा छ । उहाँले भन्नुहुन्छ," मङ्गलले भने ।

शनिबारको दिन उनीहरू मङ्गलको घर पुगे । मङ्गलले उनीहरूलाई घरको पछाडि गोठमा लगे । गोठनेर पुग्दा उनीहरूको नाकमा गोबरको गन्ध आयो । त्यहाँ मङ्गलकी आमाले पानीमा गोबर मिसाएर घोलिरहेकी थिइन् । सिमेन्टले बनेको ड्रमजस्तो गोलो आकारको भाँडाको बीचमा फलामको हैण्डिल थियो । त्यसलाई घुमाउँदा पानीभित्र रहेको फलामका पाटाहरू घुम्थे, अनि गोबर पानीमा घोलिन्थ्यो ।

गोबर घोलिसकेपछि मङ्गलकी आमाले गोबरको बाक्लो झोल गोबरग्यास बनाउने ट्याङ्कमा पठाउन पाइपको बाटो खोलिदिइन् । झोल सबै ट्याङ्कमा गयो ।

गोबरग्यास बनाउने ट्याङ्कको धेरै भाग जमिनमुनि थियो । जमिनमाथि अलिकति गुम्बजजस्तो भाग देखिन्थ्यो । त्यसको माझमा र छेउमा फलामका पाइपहरू जोडिएका थिए ।



मङ्गलकी आमाले ट्याङ्कको वरिपरि देखाउँदै भनिन्, "गोबरको झोल यो ट्याङ्कभित्र गएपछि कुहुन थाल्छ र केही दिनमा ग्यास बन्छ । ग्यास ट्याङ्कको माथिपट्टि जम्मा हुन्छ । पाइपबाट ग्यास भान्छामा लगिएको छ । पाइपलाई ग्यासका चुल्हो र मैन्टोल (पेट्रोम्याक्स) बत्तीमा जोडिएको छ । हामी ग्यासमा खाना पकाउँछौँ । गाई भैँसीको कुँडो पनि ग्याससमै पाक्छ ।"

"ट्याङ्कमा गोबर भरिएपछि कसरी निकाल्ने नि काकी ?" रबिनाले सोधिन् ।

मङ्गलकी आमाले ट्याङ्कको एकातिर तल्लो भागमा बनेको खाल्टो देखाइन् । त्यहाँ गोबरको लेदो जम्मा भएको थियो । मङ्गलकी आमाले भनिन्, "गोबर बनिसकेपछि बाँकी रहेको गोबरको लेदो यताबाट निस्कन्छ । यो लेदो सुकेपछि राम्रो मल बन्छ ।"

"धेरै समय लाग्छ होला ?" रबिनाले फेरि प्रश्न गरिन् ।

"लाग्दैन । हामी पनि त तिमीहरूजस्तै त हौँ नि । घरमा गाईवस्तुका गोबर, मलमूत्र छँदै छन् । हाम्रो ट्वाइलेटको मल पनि प्रयोग गर्नसक्छौँ," मङ्गलले विस्तारमा भने । "अनि सरकारले दिगो सामुदायिक विकास कार्यक्रमअन्तर्गत आर्थिक सहयोग पनि दिन्छ ।"

"ट्वाइलेट पनि यही ट्याङ्कमा जान्छ ?" रामकलीले मुख बिगार्दै सोधिन् ।

"जान्छ । तर कत्ति पनि गन्ध आउँदैन," मङ्गलले हाँस्दै भने । गोबरग्यासले खाना पकाउन थालेपछि वनबाट दाउरा ल्याउनु पनि परेन । बत्ती बाल्न मट्टीतेल पनि चाहिएन । समय र खर्च दुवै जोगियो ।"

मङ्गलले गोबरग्यासका अरू पनि फाइदा सुनाउँदै भने, "गोबरग्यास ट्याङ्कबाट निस्केको मल खेतमा राखेपछि रासायनिक मल राख्नु परेन । मल किन्न लाग्ने पैसा बच्यो । त्यसबाट माटोलाई हुने हानि पनि रोकियो । खेतीपातीमा राम्रो भएको छ । फाइदै फाइदा । गोबरग्यास आएपछि त गाउँ नै रमाइलो भएको छ ।"

रामकली र रबिना गोबरग्यास हेरेपछि मङ्गलसँग गाउँ घुम्न निस्के । उनीहरूले सबै घरमा गोबरग्यास राखेको र घर वरिपरि आँगन सफा देखे । खेती पनि हलक्क बढेको देखे ।

"तिम्रो गाउँ त कति सफा ?" रामकलीले मन थाम्न नसकी भनिहाली ।

"हो, गोबरग्यास राखेपछि गाउँ पनि सफा देखिएको छ," मङ्गलले भने । "गाउँका मानिसहरू पनि बिरामी हुन छाडेका छन् ।"

गाउँबाट फर्केपछि मङ्गलले उनीहरूलाई खाजा खान आफ्नो भान्छामा लगे । भान्छामा गोबरग्यासबाट बलेको उज्यालो बत्ती देखेर रबिना र रामकली छक्कै परे । रबिनाले भनिन्, "यस्तो उज्यालोमा पढ्न पाएर त मङ्गल जहिले पनि फस्ट हुने रहेछ !"

"तिमीहरूले पनि चाह्यौ भने यस्तै उज्यालोमा पढ्न र गोबरग्यासमा खाना पकाउन सक्छौ," मङ्गलले हाँस्दै भने ।

मङ्गलको गाउँ गोबरग्यासले फेरिएको आफ्नै आँखाले देखेपछि रबिना र रामकलीको अनुहार उज्यालो भयो । उनीहरूले आफ्नो घर र गाउँमा पनि गोबरग्यास राख्ने अठोट गरे ।

फर्किने बेलामा रबिनाले भनिन्, "मङ्गल तिम्रो गाउँबाट हामीले धेरै राम्रा कुरा सिक्यौँ । हामी पनि अब आफ्नो गाउँलाई त्यस्तै बनाउने प्रयास गर्छौं । सहयोग गर्छौ नि ?"

"किन नगर्नु ?" मङ्गलले हाँस्दै जवाफ दिएँ ।

यो दस वर्षभन्दा अघिको कथा हो । अहिले पृथ्वीपुर गाउँका सबै घरमा गोबरग्यासले खाना पकाउँछन् । त्यहाँका बालबालिका ग्यासको उज्यालो बत्तीमा पढ्छन् । अचेल धुवाँका कारणले कसैको पनि आँखा पाक्दैन । छाती दुख्दैन । गाउँछेउको जङ्गल बाक्लो भएको छ । वनमा चरा र जनावरहरू खेलेको हेर्न पाइन्छ । अहिले पृथ्वीपुर गाउँलाई वरिपरिका गाउँलेले नयाँ गाउँ भन्छन् । नयाँ गाउँका मानिस भनेको सुन्दा रामकली, रबिना र अरूलाई पनि गर्व लाग्छ ।




# बिरामी माटो

“यसपालि पनि खेतमा धान फलेन । अब के खाने ! के लाउने ! केटाकेटीलाई कसरी पढाउने होला !” खेतबाट फर्केर सन्तबहादुरले लामो सास फेर्दै भने ।

“के भयो र ? मल राख्न पुगेन कि ?” पत्नी हरिमायाले भनी । “आउनुस्, भात खान बेर भयो । केटाकेटी स्कुल जान ढिला भयो भनेर कराइरहेका छन् ।”

“यसपटक चामल किनेर खानु पर्लाजस्तो छ,” सन्तबहादुरले भने ।

फूलमाया र उसको दाइ रत्न दुवै विद्यालय जान तयार हुँदै थिए । उनीहरूले आमाबाको कुरा सुने ।

एघार वर्षकी फूलमाया कक्षा ६ मा पढ्थिन् । उनी पढ्नमा असाध्यै राम्रो थिइन् । घरको काममा आमाबालाई सघाउँथिन् । आमाबाका चिन्ता उनी केही दिनदेखि देखिरहेकी थिइन् ।

भात खाँदै गर्दा फूलमायाले भनिन्, “हाम्रो सरले भन्नु भएको, खेतमा रासायनिक मल र विषको धेरै प्रयोग गर्दा उत्पादन घट्छ रे !”

“अँ, त्यही मल नहाले यति पनि फल्न गाह्रो भइसक्यो,” हरिमायाले अविश्वासिलो पाराले भनिन् ।

“हाम्रो सरले झूटो बोल्नुभएको हैन । साँच्चिकै हो आमा । नपत्याए दाइलाई सोध्नुस् न,” फूलमायाले गम्भीर हुँदै भनिन् । “दाइ, रासायनिक मलको प्रयोगले उत्पादन घट्छ भनेर सरले भन्नुभएको होइन ।”

दाइ रत्न कक्षा ८ मा पढ्थे । उनले भने, “हो आमा । सरले माटोलाई निरोगी राख्न के के गर्नुपर्छ भन्नुभएको छ । एकपल्ट सरसँगै भेटौँ न बाबा ।”

हरिहरपुर गाउँका सन्तबहादुरको आम्दानीको स्रोत खेतीबाहेक अरू केही थिएन । उनका बुबा, हजुरबुबा सबै किसान नै थिए । गाउँमा आर्थिक अवस्था राम्रो नभएकोले उनले पढ्नचाहिँ धेरै पाएनन् । बल्लतल्ल एसएलसी पास गरे । त्यसपछि बिहे गरेर घरगृहस्थीमै उनको समय बित्न थाल्यो । खेतको काममा उनलाई श्रीमती र छोराछोरीले पनि राम्रै सघाउँथे ।

यति बेरसम्म सन्तबहादुर बोलेका थिएनन् । उनी श्रीमती र छोराछोरीबीचको कुरा सुन्दै थिए । छोराको कुरा सुनेर उनको मनमा अनेकन् कुरा खेल्न थाले । ‘एकपटक सरसँगै कुरा गरुँ कि क्या हो ? छोराछोरीले भनेको कुरा ठीकै त होला नि !’ उनले मनमनै भने ।

बाआमाको चिन्ताले फूलमायालाई पनि चिन्तित बनाएको थियो । त्यसैले बाबुले केही भन्नुअघि नै उनले बुबासँग भनिन्, “बाबा, स्कुलमा जाऊँ न । सरसँगै सोध्दा अझ बढी थाहा पाइन्छ नि ।”

सन्तबहादुरले मायालु स्वरले छोरीलाई सोधे, “छोरी, कुन सरले भनेको ? सरको नाम थाहा छ तिमीलाई ?”

“आफ्नै सरको नाम पनि थाहा नहोला त मलाई ? उहाँको नाम सुन्दर सर हो ।” फूलमायाले भनिन् ।

रत्नबहादुरले त्यसैमा थपे, “उहाँ कति राम्रा राम्रा कुरा हामीलाई सुनाउनु हुन्छ, सिकाउनु हुन्छ । हगि बहिनी ?” फूलमायाले टाउको हल्लाएर दाइको कुरामा सहमति जनाइन् ।

खाना खाएपछि सन्तबहादुर स्कुल जान तयार भए । बाबु र छोराछोरी तीनै जना विद्यालयतिर लागे ।

विद्यालयमा पुग्दा सुन्दर सर हेड सरको कोठामा बसिरहनु भएको थियो । विद्यालयको घण्टी लाग्न अझै केही समय बाँकी थियो । अरू सरहरू पनि हेड सरकै कोठामा हुनुहुन्थ्यो । तीनै जनाले सबै सरहरूलाई नमस्कार गरे ।

“छोराछोरीको पढाइबारे सोध्न आउनु भयो कि क्या हो सन्तबहादुरजी ?” हेड सरले सोध्नुभयो ।

“होइन सर । पढाइबारे होइन । यिनीहरूले भनेको एउटा कुरा सोध्न आएको ?”

“के कुरा हो ? के कुरा गरे हँ रत्न र फूलमायाले ?” सुन्दर सरले उत्सुकतापूर्वक सोध्नुभयो ।

तर सरको प्रश्नको जवाफ सन्तबहादुरले दिएनन् । फूलमाया नै बोली, “सर हाम्रो खेतबाट आजकल धान कम फल्छ । सरले रासायनिक मलको धेरै प्रयोगले माटो बिग्रन्छ भन्नुभएको थियो । हाम्रा बाबा पनि रासायनिक मल नै प्रयोग गर्नुहुन्छ । के गर्दा धान बढी फल्छ सरले बताइदिनु हुन्छ कि ?”

छोरीको कुरा सुनेर सन्तबहादुर एकछिन पक्क परे । ‘ओहो आफूले सानै ठानेकी छोरी त निकै जान्ने भई सकिछ,’ सन्तबहादुर मनमनै भने ।

“यस्तै हो भने केही वर्षपछि त एक गेडा नफल्ला भन्ने पीर भयो,” रत्नबहादुरले थपे ।

“कुरा बुझेँ मैले । तपाईंहरूले खेतमा रासायनिक मल हाल्न थालेको कति भो ?” सुन्दर सरले सोध्नुभयो ।

“भयो नि आठ दस वर्ष । उत्पादन बढाउन भनेर रासायनिक मल हाल्न थालेको । पहिले त राम्रै हुन्थ्यो । पछिपछि घट्न थाल्यो । यसपटक भने बर्बादै हुने भयो,” सन्तबहादुरले जवाफ दिए ।

“हो, यस्तै हुन्छ । रासायनिक मलले झुक्याउँछ । सुरुमा यसले फाइदा पुऱ्याएजस्तो हुन्छ । तर विस्तारै माटोको फलाउने क्षमता घटाउँदै लग्छ । त्यसपछि बालीनाली कम हुन्छ । फेरि हामी फसलमा कीरा लाग्यो भनी रासायनिक विषादी पनि प्रयोग गर्छौं । यसले पनि हानि पुऱ्याउँछ,” सुन्दर सरले भन्नुभयो ।

“विषादीले त बालीनालीमा लाग्ने कीरा मारेर सहयोग नै गर्छ, होइन र सर ?” फूलमायाले सोधी ।

"हो, तर बालीनालीलाई चाहिने कीरा र माटोमा भएका जीवाणु पनि मारिदिन्छ । पहिले खेतबारीमा गँड्यौला, गोब्रे कीरा कति हुन्थ्यो कति । अहिले देख्नुहुन्छ तपाईं ?" सुन्दर सरले सन्तबहादुरतिर हेर्दै प्रश्न गर्नुभयो ।

"पहिलेजस्तो छैन सर," सन्तबहादुरले भने ।

"हो, माटो खुकुलो भयो भने हावा र पानी खेल्न पाउँछ, जीवाणुहरू पनि हुर्कन पाउँछ र माटो मलिलो हुन्छ । माटो खुकुलो पार्ने काम गँड्यौला र अरू कीराहरूले गर्छन् । रासायनिक मल र विषादीले गँड्यौलासहित नदेखिने अनगिन्ती जीवाणुलाई मारिदिन्छ । बालीनाली सप्रनका लागि चाहिने माटोका सूक्ष्म तत्व पनि नष्ट पार्छ । माटोभित्रका जीवहरू मरेपछि माटो निर्जीव हुन्छ," सुन्दर सरले भन्नुभयो ।

"त्यसो भए हाम्रो खेतको माटो मरिसक्यो त सर ?" फूलमायाले प्रश्न गरी ।

"मरिसकेको छैन तर बिरामी भएको छ," सरले भन्नुभयो । "बालीनाली सप्रिन हावा, पानी चाहिन्छ । अनेकन् जीवाणु र कीराहरूले पनि त्यसमा सहयोग गरिरहेका हुन्छन् । हामी तिनलाई कीरामात्र ठान्छौं । तर तिनीहरू हाम्रा मित्र हुन् । शत्रु जीवलाई मार्न खोज्दा मित्र जीवहरू पनि मर्छन् । अनि माटो निर्जीव हुन्छ ।"



"अब के गर्नु राम्रो हुन्छ सर ?" यसपटक रत्न र फूलमाया दुवैले एकैपटक प्रश्न गरे ।

"हामी रासायनिक मल किन्न पैसा र समय दुवै खेर फाल्छौँ तर घरमै बनाउन सकिने मलका लागि प्रयास गर्दैनौँ," सुन्दर सरले थप्नुभयो ।

"अब घरमा आफैले गोठेमल बनाउनोस् । घरमा गाई भैँसी, बोका बाखा होलान् नि ?"

"रासायनिक मल राख्न थालेपछि भैँसी पाल्नै छाडियो सर । एक हल गोरु र गाई छ । खसी बाखा छन्," सन्तबहादुरले भने ।

"गाईबाखाका मलमूत्र, स्याउला पात, कुहिएर खेर जाने तरकारी फलफूलका बोक्रा मिलाएर जैविक मल बनाउनोस् र हाल्नोस् । अरू धेरै बुझ्न परे कृषि कार्यालयमा जानोस्, सबै थाहा हुन्छ," सुन्दर सरले भन्नुभयो ।

"बुवा, अब हामी त्यसै गरौँ है ?" फूलमायाले बुबातिर हेर्दै भनी ।

रत्नबहादुरले पनि भने, "हो सर अब सरले भनेजस्तै गर्छौँ ।"

सुन्दर सरको कुरा सुनेपछि सन्तबहादुरको आँखामा नयाँ चमक देखियो । फूलमाया फुरुङ्ग भई । रत्नबहादुरको अनुहार हँसिलो भयो । उनीहरू सरलाई धन्यवाद दिएर घरतिर लागे ।

"माटो पनि मानिसजस्तै बिरामी हुने रहेछ हगि दाइ ?" बाटोमा फूलमायाले हाँस्दै भनी ।

"हो नि । बिरामी हुनु भनेको गर्नुपर्ने काम गर्न नसक्नु हो," रत्नबहादुरले भने । "मानिस पनि बिरामी भयो भने काम गर्न सक्तैन । त्यस्तै माटो पनि बिरामी भयो भने फुलाउन, फलाउन सक्तैन ।"

# पानीको जोहो

“कति ढिलो आएको ? हेर लुगा कति फोहोर बनाएका यिनीहरूले,” साथीहरूसँग खेलेर उत्तरा र रिदिमा घरभित्र पस्दै थिए आमाले देखिहाल्नु भयो र कराउनु भयो ।


“खेल्दा अलिअलि फोहोर त भइहाल्छ नि मम्मी,” दुवै दिदीबहिनीले एकैपटक जवाफ दिए ।

“अँ, पानीको कति दुःख छ तिमीहरूलाई केही मतलब छैन !”

आमाको कुरा दुवैले ओठ लेब्र्याएर सुनिरहे । केही बोलेनन् । दुवै जना धारातिर लागे । दुवै जना हात, गोडा र मुख धुन थाले ।

धेरै बेरसम्म पानी खेलाइरहेको देखेर आमाले फेरि भन्नुभयो, “कति पानी खेलाइरहेका ? पानीको दुःख छ भनेको सुनेनौ ?”

“हातमुख पनि सफा नगर्नु त हामीले मम्मी,” रिदिमाले रिसाउँदै भनी ।



"सफा नगर्नु भनेको हो र ? थोरै पानीले काम चलाउनु पर्छ भनेको । पानी किन्नुपर्छ भन्ने थाहा छैन ?"

उत्तरा र रिदिमा काठमाडौँमा पढ्छन् । दिदी उत्तरा कक्षा ८ मा पढ्छिन् भने बहिनी रिदिमा कक्षा ७ मा । उनीहरू असाध्यै मिल्छन् । उनीहरूको बुबा सरुवा भएर काठमाडौँ आएको एक वर्ष भयो । उनीहरू भाडाको घरमा बस्छन् । उनीहरूको घर सप्तरीको गाउँमा छ । गर्मी असाध्यै हुने हुनाले उनीहरू गाउँमा हुँदा पानी असाध्यै खेलाउँथे, नुहाइरहन्थे । तर काठमाडौँ आएपछि भने उनीहरूले धित मर्ने गरी पानी खेलाउन पाएका छैनन् । जाडो मा पानी छुनै सकिन्न । गर्मीमा पानी अलि बढी चलाउँदा मम्मी कराइहाल्नु हुन्छ । त्यसैले उनीहरू मम्मीले थाहा नपाउने गरी पानी चलाउँछन् ।

उत्तरा र रिदिमाको मम्मीलाई पनि काठमाडौँ बस्न मन छैन । तर श्रीमान्को सरुवा भएपछि आउनै पर्‍यो । उनको पनि पानी अलि बढी चलाउने बानी छ । सानैदेखि पानीको छेलोखेलो भएको ठाउँमा बसेको मानिसको बानी यस्तो हुनु स्वाभाविक पनि हो । अझ पानी धेरै चलाएको निहुँमा घरधनीसँग विवाद भएपछि त उनलाई काठमाडौँ बस्नै मन लागेको छैन । त्यसमा छोरीहरूले पानी धेरै खर्च गरिदिएपछि उनलाई दिक्क लाग्छ ।

एकदिन पानी धेरै चलाएकोमा मम्मीले फेरि उत्तरा र रिदिमालाई गाली गर्नुभयो । उनीहरू केही बोलेनन् । खाना खाएर विद्यालय गए । तर दिनभरि उनीहरूको अनुहार उज्यालो भएन । घर फर्केपछि पनि उनीहरू सधैँझैँ खुसी देखिएनन् । खाजा खाएर पढ्न बसे । केही बेरमा ड्याडी आउनुभयो । ड्याडी आउँदा पनि उनीहरू सधैँझैँ खुसी भएनन् ।

"के भो मेरा छोरीहरूलाई बोल्दा पनि बोल्दैनन् ?" बुबा सन्तोषले दुवैको टाउको मुसार्दै भन्नुभयो ।

"ड्याडी, यहाँ नबसौँ । फर्कौँ गाउँमा नै । यस्तो ठाउँमा कसरी बस्ने ?"

"किन ? के भयो छोरी ? किन यहाँ नबस्ने ?"

"यहाँ खेल्न पनि पाइँदैन । खेले लुगा मैलो हुन्छ भनेर आमाले गाली गर्नुहुन्छ । खेल्न पनि नपाइने भएपछि कसरी यहाँ बस्ने ?" रिदिमाले भनिन् । "हातमुख धुन पनि पानी अड्कलेर खर्च गर्नुपर्छ । मन लागेको बेलामा नुहाउन पाइन्न । पानी पनि किन्नुपर्छ । योभन्दा त हाम्रै गाउँ राम्रो । पानी जति पनि पाइन्छ । किन्नु त पर्दैन ।"

छोरी रिदिमाको कुरा सुनेर सन्तोष छक्क परे । बाबु छोरीको कुरा आमाले पनि सुनिरहेकी थिइन् । पानीका लागि छोरीहरूलाई गाली गर्नुपर्दा उनी आफै पनि दुःखी हुन्थिन् । तर उपाय थिएन । आँखाभरि आँसु पार्दै उनले भनिन्, "के गर्ने ? पानी धेरै चलायो भने घरभेटीको कुरा सुन्नुपर्छ । अनि मैले यिनीहरूलाई पानी कम चलाऊ नभनेर के भन्ने ?"

"कुरा यस्तो पो रहेछ । समस्या त आइरहन्छ नि । समस्याबाट भाग्ने होइन, समाधान गरेर अघि बढ्नुपर्छ," सन्तोषले भने । "यो समस्या हाम्रो मात्रै हैन, काठमाडौँमा सबै घरको समस्या हो यो ।"

"कसरी समााधान गर्ने ड्याडी ?" उत्तराले सोधिन् ।

"पानीको व्यवस्था गर्ने !"

ड्याडीले यसो भन्नासाथ दुवै छोरीले एकैपटक प्रश्न गरे, "कसरी ? कसरी ?"

"अब यसबारे म तिमीहरूलाई भोलि बताउँछु । तिमीहरू पनि के गर्न सकिन्छ बुझ्, हुन्छ । तिम्रा साथीहरूले कसरी पानीको जोहो मिलाएका छन् सोध ।"

भोलिपल्ट उत्तरा र रिदिमा दुवै विद्यालय गए । खाजा खाने बेलामा उत्तराले आफ्ना मिल्ने साथी विभूतिसँग पानीको कुरा निकालिन् । विभूतिको काठमाडौँमा आफ्नै घर थियो । उनले भनी, "काठमाडौँमा अहिले त पानीको दु:खै छ । तर आकाशे पानी सङ्कलन गर्‍यौँ भने केही महिनालाई सजिलो हुन्छ । हामीले पनि त्यसै गरेका छौँ ।"

"हो र ? कसरी गर्ने रहेछ ?" उत्तराले अचम्म मान्दै भनिन् ।

"हो, आकाशबाट परेको पानी जम्मा गर्न सकियो भने त्यो पानी प्रयोग गर्न सकिन्छ । त्यो पानी ट्याङ्कीमा जम्मा गर्नुपर्छ ।"

विभूतिले उनको घरमा कसरी वर्षाको पानी जम्मा गरिएको छ भन्ने कुरा बुझाइन् ।

विद्यालयबाट घर फर्किँदा उत्तरा निक्कै उत्साहित थिइन् । ड्याडी कहिले आउनुहोला र आकाशे पानी जम्मा गर्ने कुरा भनुँला भनेर मनमा कुरा खेलाइरहिन् ।

खाजा खाएर दुई बहिनी होमवर्क गरिरहेका थिए, ड्याडी आइपुग्नुभयो । उत्तराको अनुहार उज्यालो भयो । छोरीको हँसिलो अनुहार देखेर सन्तोषले भने, "आज मेरी छोरीको अनुहार सधैँभन्दा उज्यालो देख्छु नि ।"

"ड्याडी मैले तपाईंले भनेको कुरा बुझेर आएँ नि !" उत्तराले भनिन् ।

"के बुझ्यौ भन त ?" सन्तोषले मायालु स्वरमा सोधे ।

"आकाशबाट परेको पानी जम्मा गरेर राख्ने ।"

"तिमीले ठीक भन्यौँ छोरी । आकाशबाट परेको पानी जम्मा गर्न सकियो भने केही महिनालाई भए पनि पानीको दु:ख हुँदैन ।"

"त्यसपछि वर्षाको बेला पानी जत्ति पनि चलाउन पाइन्छ हैन त ड्याडी ?" रिदिमाले सोधिन् ।



"कुनै पनि कुरा आवश्यक भए जति मात्र चलाउनुपर्छ । पानी जमिनमुनिबाट पनि निकालिन्छ । जमिनमुनिको पानी सकियो भने पछिका पुस्तालाई गाह्रो हुन्छ । त्यसैले पानीको बचत गर्ने बानी बसाल्नुपर्छ ।"

"ड्याडी, घरभेटी अङ्कललाई भनेर आकाशे पानी जम्मा गर्ने प्रविधि राखौँ न हुन्न ?"

"त्यसै गर्ने छोरी," ड्याडीले भन्नुभयो । "मैले अर्को पनि उपाय सोचेको छु ।"

"के हो त्यो ड्याडी ?"

"यहाँ इनार छ तर राम्ररी पानी आउन्न । वर्षाको पानी इनारको वरिपरिको जमिनभित्र पठाउन सक्यौँ भने इनारमा पानी बढ्छ । यसलाई रिचार्ज गर्ने भनिन्छ ।"

"मोबाइल फोन रिचार्ज गरेजस्तै ?" रिदिमाले हाँस्दै भनिन् ।

"हो, जमिनको पानी पनि सकिन्छ । अनि रिचार्ज गरे बढ्छ," सन्तोषले भने ।

उत्तराले फुरुङ हुँदै भनिन्, "त्यसो भए अब पानीको दुःख नहुने भयो । जहिले मन लाग्यो तहिले नुहाउन पाइने भयो । काठमाडौँ छाड्नु पर्ने भएन हैन त दिदी ? "



# बाढीको त्रास

"आमा, म आज स्कुल जान्नँ ।"

बुधनको कुरा सुनेर आमा विन्दियालाई रिस त उठ्यो, तर उनले बाहिर रिस देखाइनन् । मायालु स्वरमा भनिन्, "किन ? पोहोर पनि राम्रो नम्बर आएन बाबु, स्कुल नगएपछि कसरी राम्रो पढ्न सकिन्छ ?"

"अँ, खोलामा पानी बढिसक्यो, कसरी तर्नु ? पोहोर झण्डै बगाएको, मलाई त डर लाग्छ," बुधनले भने । उनले अघिल्लो वर्षको घटना सम्झँदै अनुहार मलिन बनाए ।

छोराको मलिन अनुहार देखेर विन्दियालाई पनि नराम्रो लाग्यो । उनले पोहोरको बर्खामा स्कुल जान लाग्दा बुधनलाई खोलाले बगाएर लग्न लागेको दृश्य झल्झली सम्झिन् । त्यसभन्दा केही दिन पहिले गाउँमा एक जना बालक बाढीले बगाएर लगेको घटना सम्झेर उनको आँखामा आँसु भरिएर आयो ।

रतनपुर बस्ती खोलाको किनारामा थियो । खोलामा पुल थिएन । गाउँमा स्कुल नभएकोले गाउँका केटाकेटी खोला तरेर स्कुल जान्थे ।

बर्खा लागेपछि रतनपुर बस्तीमा आतङ्क नै फैलिन्थ्यो । छेउको खोलामा पानी बढ्नासाथ बस्तीमा कोकोहोलो मच्चिन्थ्यो । रातभरि सुत्न पाउँदैनथे बस्तीवासीहरू । बस्तीमा ६० नाघेका बूढाबूढी, ससाना काखे शिशुदेखि सोह्र सत्र वर्षका किशोर किशोरी र महिलाहरू मात्र थिए । पुरुषहरू कामको खोजीमा बाहिर गएका थिए ।

वर्षैपिच्छे बाढीले मानिस, गाई भैँसी र पशुहरू बगाउँथ्यो । बाढीले खेतमा बालुवा थुपारेर खेत रुखो हुन्थ्यो । सिंगै गाउँ विदेश गएकाहरूले पठाएको पैसामा बाँचेको थियो । पैसा जम्मा गरेर राम्रो ठाउँमा जग्गा किनेर घर बनाउने धेरैको सपना थियो ।

यस वर्ष पनि बर्खा सुरु हुनासाथ गाउँमा बालबालिका स्कुल जान पाएनन् । बुधन कक्षा ७ मा पढ्थ्यो । उसको काकाको छोरा हरि कक्षा ६ मा । केही दिनदेखि पानी पर्न थालेको थियो । त्यसैले खोलामा पानीको सतह पहिलेभन्दा माथि आएको थियो । पानी बढेपछि खोला तरेर विद्यालय जान बालबालिकालाई गाह्रो हुँदै थियो ।

अलि ठूला केटाहरू आँटेर खोला तर्थे र स्कुल जान्थे । तर त्यस दिन रतनपुरका कुनै पनि केटाकेटी स्कुल गएनन् । बुधन, हरि र अरू केटाकेटीको खेल्दाखेल्दै दिन बित्यो ।

साँझ परेपछि पानी फेरि पर्न थाल्यो । गाउँका बूढापाकाहरू आत्तिन थाले । केही गरी बाढी आइहाल्यो भने साना बालबालिका, बूढाबूढी र स्वास्नीमानिसहरूलाई कसरी सुरक्षित गर्ने भन्ने समस्या थियो । बूढापाकाहरूले रामु, जितिया, हरिहर र किशनलाई पानीको स्थिति हेर्ने जिम्मा दिएका थिए । यी चारै जना १५ वर्ष नाघेका किशोरहरू थिए । उनीहरू रातभर सुतेनन् । उनीहरूले बाढीको समस्याबारे कुराकानी गरेरै रात बिताए ।

“बर्खा हाम्रोलागि सधैँ समस्या भयो । यसरी कसरी सधैँ जागा बस्न सकिन्छ र !” किशनले कुरा थाल्यो ।

“कुन दिन सुतेको सुत्यै हामीलाई बगाएर लैजान्छ यो बाढीले । बाढी आएको थाहा पाए पनि हाम्रा घरका बाआमा र साना भाइबहिनीलाई सुरक्षित ठाउँमा लग्न सकिँदैन,” जितियाले आफ्नो मनको कुरा राख्यो ।

धेरै बेर कुरा गरेपछि उनीहरूले भोलि नै गाउँका बूढापाकालाई जम्मा गरी छलफल गर्ने निर्णय गरे ।

गाउँका बूढापाकाहरू पनि राति राम्ररी सुतेका थिएनन् । बिहानीपख किशन र जितिया घरघर गएर सबैलाइ भेला हुन खबर गरे ।

खाना खाइसकेर गाउँका महिला पुरुष सबै भेला भए । हरिहरले राति उनीहरूबीच भएको कुराकानीबारे जानकारी दिँदै भने, "राति बाढी आउला कि भनेर जागा बसेर के गर्ने । कति दिन यसरी काम चल्छ ? बाढी आयो भने पनि कहाँ जाने के गर्ने ? केही उपाय छैन ।"

"के गर्ने त ? कसो गर्दा यो बाढीबाट बच्न सकिन्छ ?" गाउँका सबैभन्दा बूढा रामरतनले कुरा सुरु गरे, "हामी यो थलो छाडेर पनि जान सक्तैनौँ । यहीँ बसिरहन पनि खोलाले नदिने भयो ।"

"पहिले त यस्तो बाढी आउँदैनथ्यो नि हैन काका ?" जितियाले सोधे ।

"बाढी पहिले पनि आउँथ्यो तर ठूलो नोक्सान हुँदैनथ्यो । केही वर्षयता मात्रै ठूलो बाढी आउन थालेको हो," लखन काकाले भने । "हामीले देख्दादेख्दै सानो भँगालो अहिले ठूलो खोला भएको छ । किन यस्तो भयो हामीले सोच्नुपर्छ ।"

गाउँकै सबैभन्दा पाकी रामप्यारी काकीले थपिन्, "हामी सानो छँदा यहाँ रूखबिरुवाहरू प्रशस्त थिए । जङ्गल पनि बाक्लो थियो । दाउरा घाँस लिन टाढा जानु पर्दैनथ्यो । पछि हामीले नै घर बनाउन रुख काट्यौँ । यो ठाउँ उजाड हुँदैगयो ।"

"हामीले मात्रै काटेको भए यति चाँडै वन मासिने थिएन । ठेकोदार आएर रुख काट्न थालेपछि यस्तो भएको हो," लखन काकाले भने ।

अब भने बुधनलाई बोल्न सकसक लाग्यो । आफू उमेरले सानो भएकोले बोलूँ कि नबोलूँ भयो धेरै बेरसम्म । तर आँटै गरेर उनले भने, "रुख धेरै काटेकाले नै हाम्रो बस्तीमा बाढी आएको हो ।"

बुधनले त्यसो भनेपछि उसको छेउमै कुरा सुनिरहेकी विन्दियाले छोरालाई हप्काइन्, "चुप, ठूलाबडाका अगाडि यसरी बोल्ने हो ?"

तर लखन काकाले भने, "भन भन, बुधन, तिमीलाई थाहा भएको कुरा सबै भन ।"

लखन काकाले त्यसो भनेपछि बुधन फेरि बोल्न लाग्यो, "हाम्रो किताबमा पनि रुख काटेपछि बाढी पहिरो आउने लेखेको छ । हाम्रो सरहरूले पनि यसबारे बताउनुभएको छ ।"

"अरू के के भन्नुभएको छ सरले ?" बूढा रामरतनले सोधे ।

"रुखका जराहरूले माटोलाई समातिरहने हुँदा माटो बग्न पाउँदैन । त्यसले गर्दा माटोको सुरक्षा गर्छ । माटो बगेर खोलामा नगएपछि खोलाको सतह बढ्दैन । यसका कारण सामान्य पानी पर्दा बाढी आउँदैन ।" बुधनले आफूले स्कुलमा जानेको कुरा भेलामा भने ।



“अब के गर्ने हामीले ?” रामुले प्रश्न गरे ।

“हामीले अब तुरुन्त काम थाल्नुपर्छ । सबैभन्दा पहिले के के गर्ने योजना बनाउनुपर्छ,” हरिहरले थपे र कलम झिकेर कागजमा टिप्न थाले ।

भेलामा लामो छलफल भयो र उनीहरूले कामको सूची बनाए ।

१. रुख काट्ने काम तुरुन्तै बन्द गर्ने ।

२. पहिले काटेका ठाउँमा रुख बिरुवा लगाउने ।

३. माटो बग्न नदिनका लागि घाँस रोप्ने ।

४. पालेका पशुहरूलाई गोठमै बाँधेर राख्ने । चौरमा नचराउने ।

गाउँलेहरू भेला भएर बाढी आउन नदिने उपायबारे छलफल गर्दागर्दै खोला सुसाएको आवाज आयो । खोलाको पानी अचानक बढ्न थाल्यो । मानिसहरू आत्तिएर अग्लो ठाउँतिर लागे । कोही रुखमाथि चढे ।

खोलामा काठ दाउरा, घरका छाना र मरेका पशुहरू बगेको देखियो । गाउँलेहरू खोला बढेर गाउँमा पस्ला भन्ने शङ्काले आत्तिए । दिनभरि खोला उर्लेर बगिरह्यो । तर गाउँमा पानी पसेन । मानिसहरूले सन्तोषको सास फेरे ।

त्यो वर्षको बर्खा बित्यो । कुनै ठूलो नोक्सान भएन । त्यसपछि मानिसहरू खोलाको बगरमा रुख रोप्न कम्मर कसेर लागे । अहिले रतनपुरमा हरियाली छाएको छ । गाउँमा खोला पस्न छाडेको छ । तर आकाश गर्ज्यो कि अब के हुने हो भन्ने चिन्ताले गाउँलेहरूलाई छाडेको छैन ।

# परिशिष्ट १ : पृथ्वीका संसाधन र तिनको संरक्षण

पृथ्वी मानिस, जनावर, चरा, रुखबिरुवा, कीरा फट्याङ्ग्रा, माछा, भ्यागुता सबै प्राणीको साझा घर हो । यहाँ पाइने घाम, हावा, पानी, माटो, वनजङ्गल, रुखबिरुवा हामीले उपयोग गर्छौं । हावा भएन भने कुनै पनि प्राणी बाँच्न सक्तैन । सबै प्राणीको शरीर पानीले बनेको छ । घाम भएन भने वनस्पतिले भोजन बनाउन सक्तैन । वनस्पति भएन भने अरू जनावर र मानिस पनि बाँच्न सक्तैन ।

हामीलाई सास फेर्न हावा चाहिन्छ । पिउन र विभिन्न काममा पानी चाहिन्छ । पेट भर्न, खानका लागि बोट, बिरुवा, वनस्पति चाहिन्छ । खेतीपाती गर्न, अन्न, फलफूल, तरकारी उमार्न माटो चाहिन्छ । कलकारखाना, जहाज, मोटर चलाउनका लागि कोइला, पेट्रोल, ग्यास चाहिन्छ । घाम, हावा, पानी, माटो, ढुङ्गा, रुख बिरुवा र जीवजन्तु तथा जमिनमुनि खानीबाट निस्कने तेल, कोइला, धातु तथा विभिन्न पदार्थ सबै पृथ्वीका संसाधन (Resources) हुन् । हामी सबै जन्मन, हुर्कन, बाँच्न र आफ्नो वंशलाई अगाडि बढाउन पृथ्वीका संसाधनमाथि निर्भर छौं ।

हामीलाई विभिन्न काम गर्नका लागि ऊर्जा (Energy) चाहिन्छ । हाम्रो शरीरले भोजन, हावा र घामबाट ऊर्जा पाउँछ । घरभित्र र बाहिर प्रयोग हुने यन्त्र, उपकरणहरू चलाउन ताप, बिजुली आदि ऊर्जा चाहिन्छ । सूर्यको प्रकाश, खोलाको पानी, बतास तथा जैविक वस्तुहरूबाट ऊर्जा प्राप्त हुन्छ । जमिनमुनिबाट निस्कने कोइला, तेल पनि ऊर्जाका मुख्य स्रोत हुन् । घाम, पानी, बतास र जैविक वस्तु कहिल्यै नसकिने, नरित्तिने स्रोत हुन् भने कोइला, तेल आदि रित्तिने स्रोत हुन् ।

घाम, पानी, बतास र जैविक वस्तुको प्रयोग गर्दा वातावरण बिग्रन्न । तर कोइला, ग्यास, पेट्रोल, डिजेल आदि प्रयोग गर्दा कार्बन डाइअक्साइड ग्यास निस्कन्छ । यो ग्यास मानव स्वास्थ्यका लागि हानिकारक ग्यास हो । यो ग्यास वायुमण्डलमा मिसिएपछि वायुमण्डलको माथिल्लो पत्र बाक्लो हुन्छ र पृथ्वीले सिरक ओढेझैँ हुन्छ । अनि वायुमण्डल तातो हुन्छ । यसलाई ग्लोबल वार्मिङ भनिन्छ ।

ग्लोबल वार्मिङले हिउँ पग्लन्छ, पानीका मूल सुक्छन्, समुद्रको पानीको सतह बढ्छ, कुबेलामा पानी पर्छ, जाडो ठाउँमा गर्मी हुन्छ । यसरी पृथ्वीको जलवायुमा परिवर्तन हुन्छ । जलवायु परिवर्तन भयो भने खाद्यान्न, फलफूल, तरकारी उत्पादनमा असर पर्छ । बाढी, पहिरो आउँछ । मानिसको बस्ती खल्बलिन्छ । जलवायु परिवर्तनले मानिसको मात्रै हैन अरू जीवजन्तु र वनस्पतिको अस्तित्वमा पनि खतरामा पर्छ ।

जलवायु परिवर्तन हुन नदिन र पृथ्वीको वातावरण जोगाउनका लागि पृथ्वीका संसाधनहरू फारो गरी प्रयोग गर्नुपर्छ । घाम, पानी, बतास र जैविक वस्तुजस्ता नरित्तिने स्रोतबाट ऊर्जा प्राप्त गर्नुपर्छ । रित्तिने र कार्बन डाइअक्साइड निकाल्ने स्रोतको प्रयोग घटाउनु पर्छ । रुख बिरुवाले कार्बन डाइअक्साइड लिएर अक्सिजन दिन्छ । यसैले रुख बिरुवा रोप्नु र वनजङ्गल हुर्काउनु वातावरण जोगाउनका लागि हरेक व्यक्तिले गर्न सक्ने सबैभन्दा उपयोगी काम हो ।

हामीले बिहान उठेदेखि साँझ नसुतेसम्म विभिन्न प्रकारका काम गर्छौं । हाम्रा कामहरू, जस्तै : खाना पकाउँदा, लुगा धुँदा, भाँडा माझ्दा, जाँदा आउँदा, विभिन्न प्रकारका कामले वातावरणलाई प्रदूषित गरिरहेको हुन्छ ।

हामीले वातावरणमा दुई प्रकारका फोहोर फालिरहेका हुन्छौं – कुहिने (Bio-degradable) र नकुहिने (Non bio-degradable) फोहोर । तरकारी, फलफूलजस्ता वनस्पतिबाट निस्कने फोहोर कुहिन्छन् र मल बन्छ । तर प्लास्टिक, सिसा, टिन, अल्मुनियमका सामान कुहिन्नन् । यस्ता वस्तुले माटो र पानीलाई दूषित बनाउँछ । ती वस्तु खिइएर निस्कने रासायनिक पदार्थ विषालु हुन्छ र जीवजन्तु र मानिसलाई हानि गर्छ ।

कुहिएर नजाने यस्ता फोहोरलाई हामीले तीन तरिकाले तह लगाउन सक्छौं । यसलाई अङ्ग्रेजीमा तीन आर (3R) भनिन्छ । यसको अर्थ हो : रिड्युस (Reduce), रियुज (Reuse) र रिसाइकल (Recycle) ।

रिड्युसको मतलब हो सजिलोसँग नकुहिने सामानको प्रयोग घटाउने । प्लास्टिक, टिन, अल्मुनियम, सिसाका सामान, भाँडाकुँडाको प्रयोग घटाउने । सधैं प्रयोग गर्ने भाँडाकुँडा जस्तै : कप, ग्लास, प्लेट, थाल, कटौरा आदि सामान धातुका र धेरै खप्ने किन्न सक्छौं । किनमेल गर्नको लागि प्लास्टिकको झोलाको सट्टा सपिङ ब्याग वा बलियो थैला, झोला प्रयोग गर्न सक्छौं । हामीलाई कुनै सामान थोरै समयको लागि चाहिएको हो भने त्यो सामान सापटी लिएर काम चलाउन सक्छौं । कारमा जानुको सट्टा हामी सार्वजनिक बसमा जान सक्छौं । कसैसँग लिफ्ट मागेर जान सक्छौं वा हिँड्न पनि सक्छौं ।

रियुजको मतलब हो कुनै सामान फेरि प्रयोग वा पुनः प्रयोग गर्नु । प्लास्टिकका क्यान, जार, कागतका बाकस, कार्टुन र सिसाका भाँडाहरू पटक पटक प्रयोग गर्न सक्नुहुन्छ । तिनमा खेलौना, लुगा, बोतल आदि विभिन्न कुरा राख्न सकिन्छ । प्लास्टिक ब्यागमा खानेकुरा राख्नुको सट्टा लञ्चबक्समा राख्न सक्नु हुन्छ । तपाईंसँग कुनै कुरा धेरै छ, कुनै किताब, खेलौना, लुगा, भाँडा बढी छ वा त्यसलाई प्रयोग गर्न मन लागेन भने अरूलाई दिन सक्नुहुन्छ ।

रिसाइकलको मतलब हो एउटा सामानबाट अर्को सामान बनाउनु । प्रयोग भइसकेका सामानलाई गलाएर वा अन्य तरिकाले नयाँ सामान बनाउनु । जस्तै : पुरानो टिन वा

अल्मुनियमको क्यानबाट नयाँ क्यान बनाउनु । पुराना कागत गलाएर नयाँ कागत बनाउनु । पुराना प्लास्टिकका सामान गलाएर नयाँ सामान, खेलौना आदि बनाउनु ।

कुन फोहोर सामान कुहुन्छ र कुन सामान रिसाइकल गर्ने हो भन्ने थाहा पाएपछि हामीले ती सामान विभिन्न भाँडामा राख्न सक्छौँ । जस्तै : कुहिने सामान एउटा भाँडामा जम्मा गरेर कम्पोस्ट मल बनाउन सकिन्छ । नकुहिने सामानमध्ये रिसाइकल गर्नका लागि प्लास्टिकका बोतल र झोलाहरू एउटा भाँडामा, सिसाका बोतलहरू अर्को भाँडामा, टिनका भाँडा अर्कोमा, अल्मुनियमका भाँडा अर्कोमा र कागत अर्को भाँडामा जम्मा गर्न सकिन्छ । यसरी जम्मा गरेको सामान विक्री गर्दा फाइदा पनि हुन्छ ।

वातावरण जोगाउन हामीले अरू पनि विभिन्न काम गर्न सक्छौँ । जस्तै : नुहाउँदा, हातमुख धुँदा पानी कम खर्च गर्ने । धारा खुला नछाड्ने । वर्षाको पानी जम्मा गर्ने ।

भान्छामा जम्मा हुने कुहिएर जाने फोहोरबाट कम्पोस्ट मल बनाउने ।

कागतको दुवैतिर लेख्ने र कागतको प्रयोग कम गर्ने ।

नचाहिने बेलामा बत्ती निभाउने । रेडियो, टेलिभिजन, कम्प्युटर नचलाएको बेलामा बिजुली बन्द गर्ने ।

यातायातका साधनमा सकेसम्म साइकल चढ्ने । बिजुलीले चल्ने मोटरसाइकल, कार चढ्ने । कारको सट्टा सार्वजनिक बस चढ्ने । लिफ्ट माग्ने । स्वास्थ्यको लागि पैदल हिँड्ने ।

सबैभन्दा मुख्य कुरा रुख रोप्ने र वन जोगाउने ।

वातावरण जोगाउनु किन आवश्यक छ र कसरी जोगाउने भन्नेबारेमा साथीहरूसँग छलफल गर्ने र टोलछिमेकमा चेतना जगाउने ।

# परिशिष्ट २ : पारिभाषिक शब्दावली

**खैरो बकुल्ला :**

**बकुल्ला** लामा खुट्टा, लामो ठाँड भएको चरा । माछा, भ्यागुता र पानीमा भएका जीवहरू खाने हुनाले यो पानीको नजिकै बस्छ । यसका विभिन्न जाति पाइन्छन् । खैरो बकुल्ला पनि हुन्छ । तर कथामा उल्लेख गरिएको बकुल्ला निख्खुर सेतो रङको र नेपालका नदी, पोखरी र खेतहरूमा पाइने बकुल्ला हो ।

**बाग्मती** काठमाडौँ उपत्यकाको सुन्दरीजल नजिकै बागद्वारबाट निस्केर काठमाडौँ उपत्यकाको बीचबाट बग्दै चोभार गल्छीबाट बाहिर निस्कने नदी ।

**वातावरण प्रदूषण** जीवित वस्तुलाई नकारात्मक प्रभाव पार्ने गरी वातावरणमा हुने कुनै पनि तत्व वा अवस्थामा गरिने अवाञ्छनीय परिवर्तन प्रदूषण हो । मानिसका विभिन्न गतिविधिले प्रदूषण बढाइरहेको छ ।

**डम्पिङ साइट** (Dumping site) फोहर मैला बटुलेर तह लाउने, गाड्ने, व्यवस्थित गर्ने ठाउँ ।

**ईँटाभट्टा** घर बनाउनका लागि ईँटा बनाउने र पोल्ने चिम्नी भएको उद्योग ।

**रासायनिक मल** (chemical fertiliser) खेतीपातीमा उत्पादन बढाउनका लागि अजैविक वस्तु, सिन्थेटिक वस्तुबाट बनाइने अप्राकृतिक मल । यसले कालान्तरमा रुखबिरुवालाई रोगी बनाउँछ ।

**कीरा मार्ने विष** (Pesticide) कीरा, मुसा, झारपात, ढुसी तथा लामखुट्टेजस्ता रोगकारक र खेतीपातीलाई हानि पुऱ्याउने जीव मार्नका लागि प्रयोग गरिने रासायनिक यौगिक पदार्थ ।

**ध्वनि प्रदूषण** (Sound pollution) मानिस तथा पशुपंछीलाई दिक्क पार्ने कुनै पनि प्रकारको उपयोग नभएको ध्वनि वा ठूलो स्वर । यसमा यातायातको ध्वनि मुख्य छ । ध्वनि प्रदूषणले स्वास्थ्यमा विभिन्न समस्या आउन सक्छ ।

**नयाँ गाउँ :**

**गोबर/बायोग्यास** (Biogas) पशुपंछी र मानिसको मलमूत्र तथा वनस्पतिबाट प्राप्त झारपात र अन्य वस्तु कुहाएर बनाइने ग्यास ।

**बिरामी माटो :**

**रासायनिक मल** (Chemical fertiliser) खेतीपातीमा उत्पादन बढाउनका लागि अजैविक वस्तु, सिन्थेटिक वस्तुबाट बनाइने अप्राकृतिक मल । यसले कालान्तरमा रुखबिरुवालाई रोगी बनाउँछ ।

**विषादी** (Pesticide) कीरा, मुसा, झारपात, ढुसी तथा लामखुट्टेजस्ता रोगकारक र खेतीपातीलाई हानि पुऱ्याउने जीव मार्नका लागि प्रयोग गरिने रासायनिक यौगिक पदार्थ ।

**जीवाणु** (Bacteria) एउटा मात्र कोशले बनेको सूक्ष्मजीव । जीवाणुहरू उपयोगी र हानिकारक दुवै खालका हुन्छन् । माटोमा भएका जीवाणुले माटोमा भएका पोषक तत्वलाई वनस्पतिले उपयोग गर्न सक्ने बनाउँछ ।

**शत्रुजीव** (Pest) खेतीपातीमा बाधा पुऱ्याउने रोग, कीरा, झारपात, चरा, मुसा आदि ।

**मित्रजीव** (Pest controlling organisms) खेतीपातीलाई हानि पुऱ्याउने कीरा, झारपात आदिलाई नियन्त्रण गर्ने, खाने जीव । जस्तै : थोप्लेकीरा, भ्यागुता, छेपारो र सर्पले किसानलाई हानि पुऱ्याउने कीरा, चरा, मुसा आदि नियन्त्रण गर्न सघाउँछ ।

**गोठेमल** भनेको गोठमा भएका गाई, भैँसी, बाख्रा, कुखुरा, बङ्गुर आदि जनावरबाट प्राप्त गोबर आदि मल र सोत्तर कुहाएर बनेको मल हो । यो कम्पोस्ट मलजस्तै हो ।

**पानीको जोहो :**

**आकाशे पानी जम्मा गर्ने प्रविधि** पानीको समस्या पर्ने ठाउँ वा मौसममा वर्षाको बेलामा परेको आकाशे पानीलाई पोखरी, ट्याङ्की वा ठूलाठूला भाँडामा सङ्कलन गरेर प्रयोग गर्ने प्रविधि ।

**रिचार्ज** (Recharge) वर्षाको पानी जमिनमुनि पठाएर जमिनमुनिको पानीको सतह घट्न नदिने वा बढाउने उपाय ।

**बाढीको त्रास :**

**बाढी** धेरै पानी पर्दा खोलानाला र नदीहरूमा सामान्य अवस्थामा भन्दा धेरै पानी बगेर आउने अवस्था ।

**व्यावहारिक प्रयोग**

१) आकाशे पानी सङ्कलन गर्ने र गमला र बारीमा राख्ने ।

२) भान्छामा जम्मा हुने तरकारी, फलफूल, अन्डाको बोक्रा, चियापत्तीजस्ता कुहिने वस्तु एउटा भाँडामा राखेर कम्पोस्ट मल बनाउने ।

नेपाल सरकार
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

gef

अतिकम विकसित राष्ट्रहरुको
लागि कोष/विश्व वातावरण कोष

UNDP

Empowered lives.
Resilient nations.

संयुक्त राष्ट्रसंघीय विकास
कार्यक्रम (युएनडीपी)